दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १८४ | बुटवल | २०८३ असार २५ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday July 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## बालेन–व्यवसायी छलफल :
# धरपकड नगर्ने प्रधानमन्त्रीको आश्वासनले निजी क्षेत्र उत्साहित



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री बालेन्द्र शाहसँगको अन्तर्क्रियापछि उद्योगी व्यवसायीहरु उत्साहित भएका छन् । सरकारसँग निजी क्षेत्रको क्रमशः दूरी बढ्न थालेपछि प्रधानमन्त्री शाहले निजी क्षेत्रका प्रतिनिधिहरुसँग पहिलोपटक संवाद गरेका हुन् ।

प्रधानमन्त्रीसँग संवादका लागि उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ, महासंघकै उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठ, नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल र महानिर्देशक डा. घनश्याम ओझा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल र वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्रा बुधबार प्रधानमन्त्री कार्यालय पुगेका थिए ।

प्रधानमन्त्रीसँग उद्योगी व्यवसायीको भेटको वातावरण राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद तथा व्यवसायी विदुषी राणाले मिलाएकी थिइन् । राणा नेपाल उद्योग परिसंघ (सीएनआई)की सदस्य पनि हुन्।प्रधानमन्त्री शाहले पनि उद्योगी व्यवसायीहरुलाई आफ्नै कार्यकक्षमा राखेर छलफल गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठले प्रधानमन्त्रीसँग अनौपचारिक रुपमै खुलस्त छलफल गर्न चाहेको बताएका थिए । श्रेष्ठलाई जवाफ दिँदै प्रधानमन्त्री शाहले भनेका थिए–'अनौपचारिक कुराकानी होस् भनेर नै मैले कार्यकक्षमै तपाईंहरुलाई बोलाएको हुँ । बैठक कक्षमा बस्दा बढी औपचारिक भइन्छ ।' त्यसपछि व्यवसायीहरुले खुलेर आफ्ना विषय राखेका थिए । प्रधानमन्त्रीसँग भेट्न नपाएको, निजी क्षेत्रको मनोबल खस्किएको, धरपकड गरेको, बजारमा माग खुम्चिएको, उद्योग चलाउन भएको समस्या, अधिकतम खुद्रा मूल्यको विवाद, जग्गाको हदबन्दीदेखि राष्ट्र बैंकले मंगलबार जारी गरेको मौद्रिक नीतिससम्मका विषयमा खुलेर व्यवसायीहरुले आफ्ना कुरा राखेका थिए । उद्योगी व्यवसायीले आफ्ना कुरा राख्दै गर्दा प्रधानमन्त्री शाहले छलफललाई अन्तर्क्रियात्मक बनाएका थिए ।

'हामीले आफ्ना कुरा सुनाउने र प्रधानमन्त्रीले जवाफ दिने मात्रै भएन । अन्तर्क्रियात्मक रुपमा खुलस्त कुराकानी भयो । प्रधानमन्त्रीको जोस र निजी क्षेत्रप्रतिको धारणामा प्रस्ट हुने अवसर मिल्यो । प्रधानमन्त्रीको कुरा सुनेर हामी उत्साहित भएर फर्किएका छौँ ।'–उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठले भने । उद्योगी व्यवसायी र प्रधानमन्त्रीबिच डेढ घण्टा लामो छलफल भएको थियो । उक्त छलफलमा व्यवसायीहरुले सरकारका काम र गतिविधिबाट उब्जिएको संशय प्रधानमन्त्रीलाई सुनाएका थिए ।

नेपाल उद्योग परिसंघका निर्वतमान अध्यक्ष राजेश अग्रवालले भने–'अहिले बजारमा माग कमजोर भएकाले उद्योग–व्यवसाय सञ्चालनमा समस्या भइरहेको विषय हामीले प्रमुख रूपमा उठायौँ । बजारलाई कसरी चलायमान बनाउने, उद्योगी–व्यवसायीले भोगिरहेका समस्याहरू कसरी समाधान गर्ने भन्ने विषयमा विस्तृत छलफल भयो । हामीले निजी क्षेत्रका सबै चासो र समस्याहरू प्रधानमन्त्रीसमक्ष राख्यौँ ।'

उद्योगीहरुको कुरा संयमपूर्वक सुनेका प्रधानमन्त्री शाहले कहाँ कहाँ के के समस्या छन्, ती सबै लिखित रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउन भनेको अग्रवालले बताए । 'कहाँ–कहाँ के–कस्ता सुधार आवश्यक छन्, त्यसका ठोस र विशिष्ट प्रस्ताव लिएर आउनुस् । सरकार निजी क्षेत्रको साथमा छ र आवश्यक निर्णय गर्न तयार छ भन्नुभएको छ ।'–अग्रवालले भने ।

प्रधानमन्त्री शाहले अर्थतन्त्रको ड्राइभिङ सिटमा निजी क्षेत्र रहेकाले सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्न चाहेको बताएका थिए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले भने–'निजी क्षेत्रले अहिले भोगिरहेका सबैजसो समस्या खुलस्त रूपमा राख्यौं । अहिलेको शिथिल अर्थतन्त्रमा व्यवसायीमाथि विभिन्न किसिमका नियामकीय दबाब बढेका छन् । सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्था, व्यवसायीमाथि भएको धरपकड, बजार अनुगमन तथा एमआरपी कार्यान्वयनलगायतका विषय प्रधानमन्त्रीलाई सुनाएका छौं ।'

सरकारको उद्देश्य र नीति व्यवसायीलाई धरपकड गर्ने नभएको प्रधानमन्त्री शाहले बताएको अग्रवालले जानकारी दिए । 'अनावश्यक रूपमा पक्राउ गर्ने वा त्रसित बनाउने सरकारको नियत र नीति होइन भन्ने कुरा प्रधानमन्त्रीले स्पष्ट पार्नुभयो ।'–अग्रवालले भने । प्रधानमन्त्रीले निजी क्षेत्रलाई नै अर्थतन्त्रको 'ड्राइभिङ सिट'मा राखेर सरकार अघि बढ्न चाहेको स्पष्ट पारेको अग्रवालले बताए ।

उद्योगी व्यवसायीले प्रधानमन्त्रीसँग भेटेर आफ्नो कुरा राख्नै नपाएको गुनासो गरेका थिए । प्रधानमन्त्री नियुक्त भएको तीन महिनासम्म उद्योगी व्यवसायीले भेट्न नपाउनु दुःखद रहेको व्यवसायीहरुको भनाइ थियो । अग्रवालले भने–'सरकार र निजी क्षेत्रबीचको 'आइस ब्रेक' भएको छ । अब निरन्तर सहकार्य र नियमित संवाद हुने आधार तयार भएको छ । निजी क्षेत्रसँग संवादको लागि आवश्यक व्यवस्था गर्छु भन्नुभएको छ ।'

प्रधानमन्त्रीसँगको भेटपछि उद्योगी व्यवसायीको मनोबल बढेको उनीहरुले बताएका छन् । 'लामो समय संवाद नहुँदा र निजी क्षेत्रप्रति सरकारको धारणा सुन्न नपाउँदा निजी क्षेत्रको मनोबल खस्किएको थियो। प्रधानमन्त्रीको कुरा सुनेपछि धेरै हदसम्म मनोबल बढेको छ ।'–सीएनआईका पूर्वअध्यक्ष अग्रवालले भने ।

प्रधानमन्त्रीले उद्योगी व्यवसायीसँग भन्सार विन्दुमै अधिकतम खुद्रा मूल्य (एमआरपी) स्टिकर लगाउने विषयमा व्यवसायीको धारणा सोधेका थिए । उद्योगी व्यवसायीले भन्सार विन्दुमै एमआरपी स्टिकर किन व्यावहारिक छैनन् भनेर प्रधानमन्त्रीलाई बुझाउने प्रयास गरेको चेम्बरका अध्यक्ष अग्रवालले बताए ।

» बाँकी ३ पेजमा

# रूपन्देहीमा तीन गम्भीर अपराधका घटना सार्वजनिक



बुटवल । कर्तव्य ज्यान मुद्दामा आठ वर्ष कैद सजाय भुक्तान गरी कारागारबाट छुटेका एक युवक पुनः चक्कु प्रहारको आरोपमा पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले बुधबार पत्रकार सम्मेलनमार्फत् जिल्लामा भएका तीन छुट्टाछुट्टै गम्भीर अपराधका घटनामा संलग्न १२ जनालाई सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार बुटवल उप-महानगरपालिका-११, बुद्धनगर निवासी २९ वर्षीय सुमित गुरुङ (आचे) लाई ज्यान मार्ने उद्योग मुद्दामा पक्राउ गरिएको हो । उनीमाथि गत असार १७ गते बिहान करिब ३ बजे बुटवल-११ कालिकानगरस्थित 'द कन्सेप्ट' अगाडि स्थानीय १८ वर्षीय गिरिजेश राना र २३ वर्षीय सुन्दर बगालेमाथि चक्कु तथा हेल्मेट प्रहार गरी गम्भीर घाइते बनाएको आरोप छ ।

घटनापछि फरार रहेका गुरुङलाई प्रहरीले असार २० गते दाङको तुलसीपुर उप-महानगरपालिका-१९, बिजौरीबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक जनक शाहीले जानकारी दिए ।

प्रहरीका अनुसार गुरुङ यसअघि कर्तव्य ज्यान मुद्दामा आठ वर्ष कैद सजाय भुक्तान गरी २०८० साल असोजमा कारागारबाट छुटेका थिए । प्रारम्भिक अनुसन्धानबाट आफ्नी महिला साथीलाई लिएर भएको सामान्य विवादले उग्ररूप लिँदा चक्कु प्रहार भएको खुलेको प्रहरीको भनाइ छ ।

घाइते दुवै जनाको उपचार भइरहेको तथा उनीहरूको स्वास्थ्य अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । घटनाबारे इलाका प्रहरी कार्यालय बुटवलले थप अनुसन्धान गरिरहेको छ ।

**सुनको सिक्री चोरी गर्ने गिरोह पक्राउ**

यसैबिच, तिलोत्तमा नगरपालिका-३ शान्तिचोकमा एक महिलाको घाँटीबाट सुनको सिक्री लुटपाट गर्ने घटनामा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत उत्तर प्रदेशका राहुल जयसवाल र प्रिन्स जयसवाल, बिहारका नितेश कुमार गुप्ता तथा चोरीको सुन खरिद गरेको आरोपमा सिद्धार्थनगर नगरपालिका-५ निवासी प्रदीप कान्दु बानियाँ रहेका छन् ।

प्रहरीले सीसीटीभी फुटेजका आधारमा अनुसन्धान गर्दै घटनामा प्रयोग भएको लु ६५ प २९३१ नम्बरको मोटरसाइकल र दुई थान सुनको सिक्री बरामद गरेको जनाएको छ ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवका अनुसार प्रदीप कान्दु बानियाँ यसअघि पनि चोरीसम्बन्धी मुद्दामा जरिवाना सजाय भोगिसकेका व्यक्ति हुन् ।

**चोरीका मोटरसाइकलमा नक्कली कागजात बनाएर बिक्री गर्ने गिरोह पक्राउ**

प्रहरीले भारतबाट चोरीका मोटरसाइकल नेपाल ल्याई नेपाली नम्बर प्लेट जडान गर्ने तथा नक्कली ब्लुबुक तयार गरी बिक्री गर्ने गिरोहका चार जनालाई पनि पक्राउ गरेको छ ।

विशेष सूचनाका आधारमा गरिएको खानतलासीका क्रममा प्रहरीले ६ वटा मोटरसाइकल, ३ वटा स्कुटर, २ थान ल्यापटप र १ थान रङ्गीन प्रिन्टर बरामद गरेको जनाएको छ ।

यस घटनामा पाल्पाका अशोक सारु तथा बुटवलका सरोज उपाध्याय, महेन्द्र गुरुङ र विकास केसी पक्राउ परेका छन् ।

प्रहरीका अनुसार महेन्द्र गुरुङ यसअघि लागुऔषध मुद्दामा पाँच वर्ष कैद सजाय भुक्तान गरिसकेका व्यक्ति हुन् भने विकास केसी सार्वजनिक अपराध मुद्दामा सजाय पाइसकेका अभियुक्त हुन् । प्रहरीले तीनै घटनाका पक्राउ परेका सबै अभियुक्तविरुद्ध अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको जनाएको छ ।

# पौडेललाई थुनामा राख्न फेरि पाँच दिन थप



बुटवल । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेका एमाले नेता एवम् पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेललाई थप पाँच दिन थुनामा राख्न अदालतले म्याद थप गरेको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धानका लागि पौडेललाई बिहीबार (जेठ २५) म्याद थपका लागि विशेष अदालतमा पेस गरिएको थियो । न्यायाधीश नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासबाट अनुसन्धानका लागि पाँच दिन थुनामा राख्न म्याद थप भएको हो ।

उनलाई योसहित चौथोपटक म्याद थप भएको छ । इजलासको आदेशबमोजिम पौडेललाई न्यायिक हिरासतमा राख्न पठाइएको अदालतकी सूचना अधिकारी सूचना अधिकारी पार्वती हितानले जानकारी दिइन् ।

पौडेललाई सम्पत्ति शुद्धीकरणका अभियुक्त दीपक भट्टसँगको कारोबारसँग जोडेर विभागबाट अनुसन्धान भइरहेको छ ।

# लुम्बिनी प्रदेशको बजेट बहुमतले पारित




**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशसभाले आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन विधेयक बहुमतले पारित गरेको छ । प्रदेशसभाको आठौं अधिवेशनअन्तर्गत बुधबार बसेको १७औं बैठकले आगामी आर्थिक वर्षको बजेट बहुमतले स्वीकृत गरेको हो । आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन तथा खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सभामा प्रस्तुत गरेका थिए ।

सभामुख तुलाराम घर्तीले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दै बहुमतले पारित भएको घोषणा गरेका हुन् ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि कुल ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँ बराबरको बजेट ल्याएको छ । बजेटमध्ये चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ र पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ विनियोजन गरिएको छ ।

प्रदेश सरकारले असार १ गते प्रदेशसभामा बजेट प्रस्तुत गरेको थियो । बजेटमाथि असार २१ गतेदेखि प्रदेश सभामा नियमित छलफल सुरु भएको थियो । चार दिनसम्म सत्ता र प्रतिपक्षका प्रदेशसभा सदस्यहरूले बजेटका विभिन्न पक्षमा धारणा, सुझाव राखेका थिए । छलफलका क्रममा उठेका प्रश्नको जवाफ मुख्यमन्त्री चेतनारायण आचार्यले दिएका थिए ।

बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता जोखबहादुर महरा र नेपाली कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले विशेष समयमा सम्बोधन समेत गरेका थिए ।

सामाजिक विकास समितिका सभापति यमबहादुर नेपाली सार्कीले'थारु समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' सम्बन्धी समितिको प्रतिवेदन पनि प्रदेश सभामा पेश गरेका छन् ।



## सम्पादकीय

# संवादको पहलकदमी

प्रधानमन्त्री बालेन्द्र शाह र उद्योगी व्यवसायीसँग सम्बन्धित संस्थाका अगुवाबिच मुलुकको अर्थतन्त्र, उद्योगी व्यवसायीका समस्याका बारेमा छलफल हुनु सकारात्मक छ । नयाँ सरकार बनेसँगै दूरी बढेपछि निराश उद्योगी व्यवसायी प्रधानमन्त्रीसँगको छलफलबाट उत्साहित भएका छन् ।

सरकारसँग निजी क्षेत्रको बढ्दो दुरीले नकारात्मक असर पार्ने भएकाले छलफल गरी विश्वासको वातावरण बनाउनु अर्थतन्त्रका लागि सकारात्मक पहलकदमी हो । झण्डै दुई तिहाईको बलियो सरकार हुँदा समेत बजारले विश्वास गर्न सकेको छैन । शेयर बजार सुस्त छ । बैंकले ब्याज घटाउँदा समेत ऋण लिन व्यवसायी हच्किएका छन्, लगानीको वातावरणको अभावमा व्यवसायीको आत्मबल खस्केको छ । बलियो सरकारको बेला व्यवसायीको आत्मबल खस्कनुले मुलुक ब्याल्याक होलतिर जाने जोखिम हुन्छ । विभिन्न अभियोग र आरोपमा सरकार व्यवसायीलाई धरपकड गर्दैछ । अभियोगको बलियो प्रमाण नजुटाई धमाधम धरपकड गर्दा व्यवसायी त्रसित भएका छन् । यस्तो बेला लगानी गर्दा जोखिम हुनसक्छ भन्ने भय स्वभाविकै हो । एकातिर ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिने, निजी क्षेत्रसँग सहकार्य गरी मुलुकको समृद्धिको मार्ग तयार गर्ने भन्ने, तर अर्कोतिर व्यवसायीलाई आतंकित पार्ने क्रियाकलाप पटक्कै मेल खाने विषय होइनन् । बलियो सरकारले त लगानीको वातावरण बनाउन अधिकतम पहलकदमी लिनुपर्ने हो । नीतिगत सुधारदेखि व्यवहारमा लचक हुनुपर्ने हो, तर सरकार नीतिगत सुधारमा पनि धेरै अघि बढ्न सकिरहेको छैन र व्यवहारमा निजी क्षेत्रप्रति अनुदार देखिएको छ । कानुनको कार्यान्वयनको नाउमा विधिलाई स्थापित गर्ने मान्यतालाई कुल्चिएको छ । विधिमा टेकेर थिति बसाल्ने परिपाटीलाई संस्थागत गर्न सरकार चुकेको छ । निर्माण व्यवसायीलाई प्रहरी लगाएर भौतिक पूर्वाधार विकास मन्त्रालयमा पुऱ्याउने र मन्त्रीको सचिवालय टिमले धम्क्याउने अराजक क्रियाकलापको विस्तार हुँदैछ । भौतिक पूर्वाधार विकास मन्त्री काम नगर्ने व्यवसायीको खुट्टा भाँच्ने भन्ने अभिव्यक्ति पटक-पटक दिइरहेका छन् । प्रधानमन्त्रीको सचिवालय टिमबाट कर्मचारीलाई धम्क्याउने प्रवृत्ति मौलाएको छ । निजी क्षेत्रका अगुवाप्रति अनुसन्धानको नाउमा भइरहेको धरपकडले बिग्रिएको वातावरण सुधार गर्न प्रधानमन्त्रीले अझै संवादको दायरा बढाउनुपर्छ ।

निजी क्षेत्रका अगुवाले प्रधानमन्त्रीसँग भेट्न नपाएको, निजी क्षेत्रको मनोबल खस्किएको, धरपकड गरेको, बजारमा माग खुम्चिएको, उद्योग चलाउन भएको समस्या, अधिकतम खुद्रा मूल्यको विवाद, जग्गाको हदबन्दीदेखि राष्ट्र बैंकले मंगलबार जारी गरेको मौद्रिक नीतिससम्मका विषयमा खुलेर कुरा राखेको बताएका छन् । उद्योगीहरुको कुरा संयमपूर्वक सुनेका प्रधानमन्त्री शाहले कहाँ-कहाँ के-के समस्या छन्, ती सबै लिखित रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउन भनेका छन् । सरकार बनेको तीन महिनासम्म संवादविहीन बनेका प्रधानमन्त्रीले संवादको ढोका खोलेर आफूलाई खुला बनाएका छन् । प्रधानमन्त्री केवल पद मात्रै होइन, यो संस्था हो । सबैसंग खुला हुँदा मुलुकलाई लयमा हिडाउन सहज हुन्छ । लोकतान्त्रिक व्यवस्थामा प्रधानमन्त्री खुला नहुँदा भएको उकुसमुकुसलाई हटाउने काम स्वंय प्रधानमन्त्रीको हो, प्रधानमन्त्रीले यो उकुसमुकुसलाई स्वंय हटाउने प्रयास निरन्तर गरून ।

# सुशासन, डिजिटल प्रशासन र प्रभावकारी सार्वजनिक सेवा !



ईन्द्रप्रसाद भुसाल

*नेपालमा हरेक वर्ष सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन र विकास आयोजनासँग सम्बन्धित विवादहरू उठ्ने गर्छन् । योजनाहरू समयमै सम्पन्न हुँदैनन् । लागत बढ्छ । गुणस्तरमाथि प्रश्न उठ्छ । दक्षिण कोरियाले जस्तै पूर्ण डिजिटल सार्वजनिक खरिद प्रणाली प्रभावकारी रूपमालागू गर्न सकियो भने विकास खर्चको पारदर्शिता र गुणस्तर दुवै सुधार गर्न सकिन्छ । सुशासन कुनै राजनीतिक नारा होइन, यो कार्यान्वयनको विषय हो । एस्टोनियाले डिजिटल प्रणाली सिंगापुरको भ्रष्टाचारमाथि कठोर नियन्त्रण र दक्षिण कोरियाको प्रशासनिक सुधार नै सुशासनको जग हो ।*




नेपालको राजनीतिक इतिहास परिवर्तनहरूको इतिहास हो । २००७ सालको प्रजातान्त्रिक आन्दोलनले राणा शासनको अन्त्य गर्यो । २०४६ सालको जनआन्दोलनले बहुदलीय प्रजातन्त्र पुनःस्थापित गर्यो । २०६२/६३ को जनआन्दोलनले लोकतन्त्रलाई नयाँ उचाइमा पुऱ्यायो र अन्ततः २०६५ सालमा गणतन्त्र स्थापना भयो । परिवर्तित राजनीतिक इतिहासमा प्रत्येक राजनीतिक परिवर्तनका बेला जनतालाई नयाँ आशा देखाइयो । जनताको विश्वास जगाइयो कि अब शासन व्यवस्था नागरिकमुखी हुनेछ, भ्रष्टाचार घट्नेछ, विकासले गति लिनेछ । राज्यले नागरिकको जीवन सहज बनाउनेछ । उत्पादन र रोजगारी श्रीजनामा राज्यको स्रोत र साधन प्रयोग गरिनेछ । नेपाल र नेपालीको उज्ज्वल भविष्य लोकतन्त्र गणतन्त्रको काँधमा छ ।

तर विडम्बना, व्यवस्था बदलिएसँगै धेरै नागरिकको अवस्था अपेक्षाअनुसार परिवर्तन हुन सकेन । राजनीतिक परिवर्तनहरू भए, संविधान लेखियो, शासन प्रणाली फेरियो, सरकारहरू फेरिए, तर आमनागरिकले सरकारी कार्यालयमा भोग्ने सास्ती, ढिलासुस्ती, पहुँचवालाको प्रभाव, बिचौलियाको चलखेल र भ्रष्टाचारका समस्या पूर्ण रूपमा अन्त्य हुनुको सट्टा मौलाउँदै गए । यही कारणले समय-समयमा जनतामा स्थापित राजनीतिक शक्तिप्रति निराशा बढ्दै गयो । वितृष्णा थपिँदै गयो । राजनीतिक निरासाको प्रतिफल स्वरुप फाल्गुन २१ गतेको निर्वाचनमा नेपाली जनताले राजनीतिक नेतृत्व परिवर्तन गरेका छन् । वर्षौंसम्म राज्य सञ्चालन गरेका दलहरूलाई एक प्रकारको सन्देश दिँदै जनताले वैकल्पिक राजनीतिक शक्तिलाई अवसर दिएका हुन् । यो परिवर्तन केवल सरकार परिवर्तनको घटना होइन । यो जनताको असन्तुष्टि, अपेक्षा र सुशासनप्रतिको आकांक्षाको अभिव्यक्ति पनि थियो । वर्तमान सरकार सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र जनउत्तरदायी शासनको नारासहित सत्तामा आएको छ । सरकारका नीति तथा कार्यक्रम सार्वजनिक भइसकेका छन्, बजेट पनि आइसकेको छ, र सुधारका विभिन्न प्रतिबद्धताहरू व्यक्त गरिएका छन् । तर आमनागरिकमा राज्यले गरेका प्रतिबद्धता कार्यान्वयन हुन्छन् कि हुँदैनन् भन्ने कुरा अहिले पनि अन्यौल छ ।

विगत झैं सरकारका नीति, कार्यक्रम र बजेटका दस्ताबेजहरू माथि संसदमा हुने छलफलमा सहमति जुटेको छैन । सत्तापक्ष र प्रतिपक्षबिचको द्वन्द्व अहिले पनि चर्किंदै गएको छ । संसद बिना सम्वाद स्थगित भइरहेको छ । फेरि पनि राजनीतिक संस्कार परिपक्क भएको देखिएको छैन । तर जनताले अब भाषण होइन, परिणाम खोजिरहेका छन् । यही सन्दर्भमा विश्वका केही सफल राष्ट्रहरूको अनुभव नेपालका लागि अत्यन्त महत्वपूर्ण बन्न सक्छ ।

एस्टोनिया, सिंगापुर र दक्षिण कोरिया तीनवटा यस्ता देश हुन्, जसले सीमित स्रोतका बाबजुद सुशासन, डिजिटल प्रशासन र प्रभावकारी सार्वजनिक सेवा प्रणाली निर्माण गरेर विश्वको ध्यान आकर्षित गरेका छन् । परिवर्तनका लागि केवल ठूलो बजेट आवश्यक होइन; स्पष्ट दृष्टिकोण, राजनीतिक इच्छाशक्ति र प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ भन्ने तथ्य हामीले सिङ्गापुर र दक्षिण कोरियाबाट सिक्न सक्छौं ।

एस्टोनियाको उदाहरण विशेष रूपमा प्रेरणादायी छ । सन् १९९१ मा सोभियत संघबाट स्वतन्त्र हुँदा एस्टोनिया आर्थिक र प्रशासनिक दृष्टिले कमजोर अवस्थामा थियो । तर उसले आफ्नो भविष्य डिजिटल प्रविधिमा देख्यो । राज्यका अधिकांश सेवाहरू अनलाइनमा आधारित बनाइयो । आज एस्टोनियाका नागरिकले कर तिर्ने, व्यवसाय दर्ता गर्ने, स्वास्थ्य सेवासम्बन्धी विवरण हेर्ने, बैंकिङ कारोबार गर्ने र निर्वाचनमा मतदान गर्ने कार्यसमेत डिजिटल माध्यमबाट गर्न सक्छन् । सरकारी कार्यालयमा लाइन बस्ने, फाइल बोकेर धाउने र एउटै कागज पटक-पटक बुझाउने संस्कार लगभग समाप्त भएको छ ।

नेपालमा पनि राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालनमा छ, तर त्यसलाई अझै अधिकांश सरकारी सेवासँग एकीकृत गर्न सकिएको छैन । एस्टोनियाले जस्तै डिजिटल पहिचानलाई सम्पूर्ण प्रशासनिक प्रणालीसँग जोड्न सकियो भने सेवाप्रवाहमा ठूलो परिवर्तन आउन सक्छ । नागरिकले सरकारी कार्यालय धाउनुपर्ने समय घट्नेछ, प्रशासनिक खर्च कम हुनेछ र भ्रष्टाचारका सम्भावनाहरू स्वतःन्यून हुनेछन् ।

सिंगापुरको अनुभव नेपालका लागि झन् महत्वपूर्ण छ । स्वतन्त्रताको प्रारम्भिक चरणमा सिंगापुर पनि भ्रष्टाचार, बेरोजगारी र सीमित स्रोतको समस्याले ग्रस्त थियो । तर त्यहाँको नेतृत्वले भ्रष्टाचारलाई विकासको सबैभन्दा ठूलो शत्रुका रूपमा पहिचान गर्यो । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लागू गरियो । अनुसन्धान निकायहरूलाई स्वतन्त्र बनाइयो । कानुन सबैका लागि समान रूपमा लागू गरियो । मन्त्री, सांसद, कर्मचारी वा व्यापारी कसैले पनि कानुनभन्दा माथि हुने अवसर पाएनन् । आज सिंगापुर विश्वका सबैभन्दा कम भ्रष्टाचार राष्ट्रहरूमध्ये एक हो । यसको कारण केवल कडा कानुन होइन, कडा कार्यान्वयनहो । नेपालमापनि भ्रष्टाचारविरुद्ध धेरै भाषण भए, धेरै आयोग र निकायहरू बने, तर जबसम्म अनुसन्धान निष्पक्ष हुँदैन र दोषीलाई राजनीतिक संरक्षण दिइन्छ, तबसम्म सुशासनको सपना पूरा हुन सक्दैन ।

कोरिया युद्धपछि ध्वस्त बनेको राष्ट्र आजविश्वको अग्रणी औद्योगिक र प्रविधिमैत्री अर्थतन्त्र बनेको छ । यसको एउटा प्रमुख कारण प्रशासनिक सुधार र डिजिटल शासन हो । सार्वजनिक खरिद प्रणालीदेखि स्थानीय प्रशासनसम्म अधिकांश प्रक्रिया डिजिटल प्रणालीमा आधारित छन् । यसले सरकारी खर्चमा पारदर्शिता ल्याएको छ र अनियमितताको सम्भावना घटाएको छ ।

नेपालमा हरेक वर्ष सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन र विकास आयोजनासँग सम्बन्धित विवादहरू उठ्ने गर्छन् । योजनाहरू समयमै सम्पन्न हुँदैनन् । लागत बढ्छ । गुणस्तरमाथि प्रश्न उठ्छ । दक्षिण कोरियाले जस्तै पूर्ण डिजिटल सार्वजनिक खरिद प्रणाली प्रभावकारी रूपमालागू गर्न सकियो भने विकास खर्चको पारदर्शिता र गुणस्तर दुवै सुधार गर्न सकिन्छ । सुशासन कुनै राजनीतिक नारा होइन, यो कार्यान्वयनको विषय हो । एस्टोनियाले डिजिटल प्रणाली सिंगापुरको भ्रष्टाचारमाथि कठोर नियन्त्रण र दक्षिण कोरियाको प्रशासनिक सुधार नै सुशासनको जग हो ।

अहिले सरकारसँग अवसर छ । जनताले विश्वास गरेर जिम्मेवारी दिएका छन् । नीति तथा कार्यक्रम सार्वजनिक भएका छन् । बजेट पनि आइसकेको छ । तर इतिहासले देखाएको छ कि नेपालमा राम्रो योजना र बजेटको अभावभन्दा पनि कार्यान्वयनको ठूलो समस्या हो । प्रजातान्त्रिक अभ्यासको लामो समयदेखि नेपालमा धेरै राम्रा कार्यक्रमहरू घोषणा भए, तर परिणाम अपेक्षाअनुसार आएनन् । यही कारणले जनतामा निराशा बढेको हो ।

नयाँ सरकारले वास्तवमै जनताको विश्वास जोगाउन चाहन्छ भने प्रशासनिक सुधारलाई पहिलो प्राथमिकता दिनुपर्छ । सरकारी सेवाहरूलाई डिजिटल बनाउनु, कर्मचारीतन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, सार्वजनिक खरिद प्रणालीलाई पारदर्शी बनाउनु, भ्रष्टाचार नियन्त्रण निकायहरूलाई प्रभावकारी बनाउनु र नागरिकलाई सम्मानजनक सेवाप्रदान गर्नु आजको आवश्यकता हो । जनताले अब सरकारको मूल्याङ्कन घोषणापत्रका आधारमा होइन, परिणामका आधारमा गर्ने छन् । नागरिकले सरकारी कार्यालयमा जाँदा घूस नदिनुपरोस्, महिनौं धाउन नपरोस्, चिनजान खोज्न नपरोस् र समयमै सेवा प्राप्त गर्न पाओस् भन्ने अपेक्षा गरेका छन् । कुनै पनि राष्ट्रको द्रुतविकास कसरी हुन्छ भन्ने कुरा एस्टोनिया, सिंगापुर र दक्षिण कोरियाले नेपाललाई एउटा महत्वपूर्ण सन्देश दिएका छन् । राष्ट्र परिवर्तन गर्ने शक्ति स्रोतमा होइन, नेतृत्वको दृष्टिकोण र कार्यान्वयन क्षमतामा हुन्छ । नेपालले पनिप्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको लामो यात्रा तय गरिसकेको छ । अब यात्रा सुशासन, जवाफदेहिता र परिणाममुखी शासनको हुनुपर्छ । वर्तमान सरकारले आफ्ना नीति, कार्यक्रम र बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्यो भने यसले नेपाली राजनीतिमा नयाँ अध्याय सुरु गर्न सक्छ । तर यदि विगत झैं प्रतिबद्धताहरू कागजमै सीमित भए भने नागरिकमा फेरि निराशा जन्मिनेछ, र त्यो निराशाले राजनीतिक प्रणालीप्रतिको विश्वासलाई अझ कमजोर बनाउनेछ । जनताले फेरि एकपटक आशा गरेका छन् । अब त्यो आशालाई उपलब्धिमा बदल्ने जिम्मेवारी सरकारको काँधमा छ । सुशासनको जगमा बनेको सरकारले सुशासनको परिणाम देखाउन सके मात्र इतिहासले यसलाई सफल सरकारका रूपमा सम्झिनेछ ।

# मौद्रिक नीतिसँगै नेप्से परिसूचकमा ३०.०९ अङ्कको गिरावट



काठमाडौं । मङ्गलबार सार्वजनिक गरिएको मौद्रिक नीतिमा लगानीकर्ताले खासै कुनै परिवर्तन र बजारलाई टेवा पुग्ने नीति नदेखेपछि बुधबार नेप्से परिसूचकमा गिरावट आएको छ ।

मौद्रिक नीतिपछि नेप्से परिसूचक बढ्ने अपेक्षा थियो। तर त्यसो नभई नेप्से बुधबार ३०.०९ अङ्क घटेर २ हजार ६२१.५९ विन्दुमा झरेको छ । त्यस्तैसेन्सेटिभ इण्डेक्स ३.९३ अङ्कले घटेको छ भने फ्लोट इण्डेक्स २.०६ अङ्क र सेन्सेटिभ फ्लोट इण्डेक्स १.४२ अङ्कले घटेको छ ।

नेप्से परिसूचक घटे पनि कारोबार रकम भने बढेको छ । कारोबारमा आएका ३६२ कम्पनीको ८४ लाख ६३ हजार कित्ता सेयर ४ अर्ब ८२ करोड ६० लाख ८४ हजार रुपैयाँ बराबरको खरिद बिक्री भएको छ । हिजो ४ अर्ब ४० करोड रुपैयाँ बराबरको सेयर खरिदबिक्री भएको थियो ।

नेप्सेका १३ उपसमूहमध्ये एक उपसमूहको परिसूचक बढेको छ भने १२ उपसमूहको परिसूचक घटेको छ । जसमा म्युचुअल फण्ड उपसमूहको परिसूचक सामान्य अङ्क बढेको छ । केही कम्पनीको सेयर ६ प्रतिशतले वृद्धि भएको छ भने कर्पोरेट डेभलपमेन्ट बैंकको सेयरमूल्य १३.४१ प्रतिशत घटेको छ ।

# दही वा महीमध्ये कुन स्वास्थ्यका लागि बढी लाभदायक ?

दही र मही दुवै स्वास्थ्यका लागि लाभदायक हुन् । तर कुन बढी उपयुक्त हुन्छ भन्ने कुरा व्यक्तिको उमेर, स्वास्थ्य अवस्था, मौसम र खानपानको आवश्यकतामा निर्भर हुन्छ । पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, दही र मही दुवै पौष्टिक खाद्य हुन् । दहीमा प्रोटिन, क्याल्सियम र लाभदायी जीवाणु (प्रोबायोटिक्स) प्रशस्त हुन्छन् भने मही पाचन सुधार्ने, शरीरलाई हाइड्रेट राख्ने र गर्मी मौसममा शीतलता दिने प्राकृतिक पेय हो ।

**दहीका फाइदा**

आन्द्रामा राम्रो ब्याक्टेरिया बढाएर पाचन प्रणाली स्वस्थ राख्छ ।

क्याल्सियम र प्रोटिनको राम्रो स्रोत भएकाले हड्डी र मांसपेशी बलियो बनाउन मद्दत गर्छ ।

रोग प्रतिरोधात्मक क्षमता सुधार्न सहयोग पुऱ्याउन सक्छ ।

पेट लामो समयसम्म भरिएको महसुस गराउने भएकाले तौल नियन्त्रणमा पनि उपयोगी हुन सक्छ ।

**महीका फाइदा**

पचाउन दहीभन्दा हल्का हुन्छ ।

गर्मी मौसममा शरीरलाई चिसो र हाइड्रेट राख्न मद्दत गर्छ ।

अपच, पेट फुल्ने वा खाना खाएपछि हुने असहजता कम गर्न सहयोग पुऱ्याउन सक्छ ।

बोसो कम हुने भएकाले तौल घटाउने प्रयास गरिरहेका व्यक्तिका लागि राम्रो विकल्प हुन सक्छ ।





**कसले कुन रोज्ने ?**

बच्चा, किशोरकिशोरी, गर्भवती महिला र वृद्धहरूः दही बढी लाभदायक हुन सक्छ, किनकि यसमा प्रोटिन र क्याल्सियम बढी हुन्छ ।

गर्मी मौसम, अपच वा भारी खाना खाएपछिः मही राम्रो विकल्प हुन सक्छ ।

उच्च रक्तचाप भएका व्यक्तिले महीमा धेरै नुन नहालेर सेवन गर्नु राम्रो हुन्छ ।

दैनिक खानामा दही वा मही दुवै समावेश गर्न सकिन्छ । घरमै ताजा दूधबाट बनाएको दही र त्यसैबाट तयार गरिएको मही सबैभन्दा स्वस्थ विकल्प हो । अत्यधिक चिनी, नुन वा कृत्रिम स्वाद मिसिएको दही वा पेयभन्दा प्राकृतिक दही र मही रोज्नु राम्रो हुन्छ ।

## कालीगण्डकी करिडोरः

# सडकसँगै बदलिएको जनजीवन



**रामचन्द्र रायमाझी**

यहाँको रम्भा गाउँपालिका-१ अर्सदीका ६८ वर्षीय जगन्नाथ अर्याललाई छ घण्टा लगाएर तानसेन पुगेको याद ताजै छ । स्कुल पढ्दा पैदलै हिँडेर सदरमुकाम तानसेन गएको उनी सम्झन्छन् । अर्याल भन्छन्-"गाडी चढेर जानुपरे घरबाट चार घण्टा पैदल हिँडेर छर्दी खोला तरेर मालुङ्गा हुँदै गल्याङ्ग पुग्थ्यौँ, त्यहाँबाट गाडी चढेर बल्ल तानसेन जान्थ्यौँ ।" डेढ दशकअघिसम्म बुटवल, पोखरा जानुपरे चार/पाँच दिन लगाएर जानुपर्ने बाध्यता रहेको उनी बताउँछन् । अर्याल भन्छन्-"पहिले त निकै कष्ट थियो । अहिले त डेढ घण्टामै तानसेन, तीन/चार घण्टामै पोखरा पुग्न सकिने भयो ।"

अर्याल यतिबेला आफ्नै आँगनमा सर्र गाडीबाटै ओर्लिन्छन् । "आफ्नै घर आँगनबाट मोटर गुड्ला र बस चढेर तानसेन, काठमाडौँ, बुटवल, पोखरा पुगिएला भन्ने कल्पना नै थिएन ।"-उनी भन्छन् । अहिले सवारीसाधनमै चढेर तानसेन, बुटवल, पोखरा, काठमाडौँ पुग्न पाउँदा धेरै सहज भएको छ । चार/पाँच दिन हिँडेर जानुपर्ने बाध्यता अहिले हटेको उनले बताए । रामपुर नगरपालिका- १० दुर्गा मन्दिर टोलका उपेन्द्र अधिकारी पनि पाँच घण्टा लगाएर नुन, तेल लिन गल्याङ्ग पुग्ने गरेको स्मरण गर्दछन् । उनी भन्छन्-"हाम्रो बुबा, हजुरबुबाहरु नुन लिन तीन/चार दिन लगाएर बुटवल जानुहुन्थ्यो, पछि गल्याङ्गसम्म आउन थालेपछि हामीहरु पाँच घण्टा पैदल हिँडेर जान्थ्यौँ तर अहिले त्यो अवस्था छैन ।"

केही वर्षअघिसम्म बिहानै घरबाट निस्किएका स्थानीय साँझसम्म पनि बजार पुग्न सक्दैनथे । बिरामीलाई डोकोमा बोकेर उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता थियो । किसानले उत्पादन गरेका सुन्तला, तरकारी र अदुवा गाउँमै कुहिन्थ्यो । तर आज त्यही गाउँमा गाडीको आवाज सुनिन्छ, एम्बुलेन्स पुग्छ, उत्पादन सिधैँ बजारसम्म जान्छ । यो परिवर्तनको प्रमुख आधार बनेको छ, कालीगण्डकी करिडोर । कालीगण्डकी करिडोर निर्माण भएपछि अर्याल र अधिकारीको यात्रा मात्र होइन यस क्षेत्रका सयौँ नागरिकलाई समेत सहज भएको छ ।

कालीगण्डकी करिडोर सडक ट्र्याक खुलेपछि अहिले धेरै खण्डमा स्तरोन्नतिको काम भइरहेको छ । यसले गर्दा कतिपय स्थानमा नयाँ सहर बसेको छ भने दुर्गमका बस्तीलाई करिडोरसम्म जोडेपछि जनजीवन सहज बनेको छ । पाल्पाको राम्दीदेखि रानीमहल १७ किलोमिटरबाहेक अन्यत्र सडक ग्राभेल छ । झन्डै २५० किलोमिटर सडक कालोपत्रसमेत भइसकेको छ । सडकको स्तरोन्नतिसँगै कृषिउपज उत्पादन गर्ने, शिक्षा, स्वास्थ्यको पहुँचमा सजिलो भएको छ ।

कालीगण्डकी नदीको छेउ हुँदै रेखाङ्कन गरिएको सडक आसपास नयाँ बस्तीसमेत विस्तार भएका छन् । गण्डकी प्रदेशको पूर्वी नवलपरासीबाट सुरु भएर लुम्बिनीको पाल्पा, गुल्मी, पुनः गण्डकीकै बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङसम्म करिडोरअन्तर्गत सडक निर्माण भएको छ । राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी सरकारले प्राथमिकतामा राखेको ४४५ किलोमिटर सडक निर्माणले गति लिएसँगै दुर्गम जिल्लाका बासिन्दालाई यातायातको सहज भएको छ । "हामीलाई बजार जान चार/ पाँच घण्टा लगाएर सदरमुकाम जानुपर्ने बाध्यता थियो," रम्भा हुँगीका ७० वर्षीय कमल भण्डारीले भने-"अहिले त सहर जान कुनै दुःख छैन । दुई/तीन घण्टामै बजार गएर आउने गरिन्छ ।" आफूले निकै दुःख गरे पनि अहिले छोरानातिका लागि सहज भएको उनी सुनाउँछन् । "हेर्दाहेर्दै, देख्दादेख्दै परिवर्तन हुँदा सपनाजस्तै लाग्दो रहेछ । हिजो त गेझा हुँगी, खालीवन फोक्सिङकोट क्षेत्रका जनता आफ्नै जिल्लाको सदरमुकाम जानुपर्दा स्याङ्जाको गल्याङ्गसम्म पैदल, त्यसपछि बस चढेर जानुपर्ने बाध्यता थियो ।

जिल्ला प्रशासन कार्यालयमा नागरिता बनाउन होस् या राहदानी बनाउन होस्, मालपोत, नापी कार्यालयमा पुगेर काम सक्न कठिन हुन्थ्यो । बास बस्नुपर्ने बाध्यता थियो । अब ती दिनका कुरा गर्दा नयाँ पुस्तालाई कथा जस्तै लाग्छ ।"-भण्डारीले भने । नवलपुरको बौद्धिकाली गाउँपालिका-२ डेढगाउँका खेतको छेउछाउ बाँदर लागेर अन्नबाली जोगाउन पनि मुस्किल हुन्थ्यो । विगतमा यहाँ बाक्लो बस्ती नहुँदा बाँदरबाट बाली जोगाउन निकै समस्या हुने गरेको स्थानीय ध्रुव पङ्गेनी बताउँछन् । उनका अनुसार सडक नआउँदासम्म यहाँ दुर्गमजस्तै थियो । पछि सडक सञ्जालले गाउँ जोडेरपछि अहिले यहाँको जनजीवन नै परिवर्तन भएको पङ्गेनीले बताए ।

खेतकै बीचबाट राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर सडक खुलेपछि अहिले यहाँ निकै चहलपहल भएको छ । यहाँ होटेल व्यवसाय सञ्चालनमा छन् भने दैनिक दर्जनौँ गाडी ओहोरदोहोर गर्छन् । पाल्पा र नवलपुर मात्रै होइन, कालीगण्डकी करिडोरको ट्र्याक खुलेर स्तरोन्नति भएसँगै गुल्मीको पूर्तिघाटदेखि बाग्लुङको मालढुङ्गासम्म दर्जनौँ व्यवसाय सञ्चालन भएका छन् भने सडक आसपासमा नयाँ बस्ती विकास भएको स्थानीय पुरन रास्कोटी बताउँछन् ।

प्रसिद्ध धार्मिकस्थल देवघाटदेखि मुक्तिनाथसम्म जोड्ने परिकल्पनाअनुरुप कालीगण्डकी नदीको किनारैकिनार कालीगण्डकी करिडोर निर्माण भएपछि पूर्वी नवलपरासी, चितवन, तनहुँ, पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङसम्मका लाखौँ जनतासँग प्रत्यक्षरुपमा जोडिन पुगेको छ । दक्षिणी मुलुकदेखि उत्तरी मुलुकसम्म जोड्ने सबैभन्दा कम दूरी मानिने कालीगण्डकी करिडोर २०६५ सालदेखि सुरु भएको हो । कालीगण्डकी करीडोरको पूर्वी नवलपरासीमा ८७ किलोमिटर, पाल्पामा ७८, गुल्मीमा ४२, बागलुङमा ३८, पर्वतमा १३, म्याग्दीमा ४२ र मुस्ताङमा १४७ किलोमिटर पर्छ ।

कालीगण्डकी नदीसँगै विस्तार भएको सडकले पहाडी बस्तीलाई राष्ट्रिय राजमार्गसँग जोडेको छ । सडक खुलेपछि स्थानीयको दैनिकी मात्र होइन, आर्थिक र सामाजिक जीवनशैली पनि बदलिएको छ । "पहिला उत्पादन बेच्न दुई/तीन दिन लाग्थ्यो । अहिले बिहान टिपेको तरकारी दिउँसो बजार पुग्छ", हेक्लाङका किसान विपिन अर्यालले भने-"यातायात सहज भएपछि ढुवानी लागत घटेको छ र उत्पादनले राम्रो मूल्य समेत पाउन थालेको छ ।"

गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्वेनीका धनबहादुर विश्वकर्माको जीवन पनि क्रमशः फेरिँदै छ । दैनिक अभाव झेलिरहने उनको जीवनको दैनिकी सडकका कारण फेरिएको हो । परम्परागत खेतीले तीन महिना जेनतेन खान पुग्ने उनलाई कालीगण्डकी करिडोर सडक सञ्चालनमा आएसँगै गरेको तरकारीखेतीले वर्षौंभरिको अभाव टरेको छ । हाल उनले पाँच रोपनी जमिनमा तरकारीखेती लगाएका छन् । सरकारी तथा गैरसरकारी निकायबाट तालिम लिएर तरकारीखेती गरेयता उनलाई अभाव भन्ने थाहा छैन । "कालोपत्रे सहितको फराकिलो करिडोर सडकले मेरो जीवन बदलियो ।"-उनले भने । करिडोर आफू र अरू विपन्नका लागि वरदान सावित भएको उनको भनाइ छ ।

रामपुरका कृषक कृष्णकुमार अर्याल पनि करिडोरका कारण व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकको संख्या बढेको बताउँछन् । विगतमा घर खर्चका लागि पालिने गाईभैँसी आजभोलि कृषकहरु व्यावसायिक रुपमा पालन गरी दुग्ध उत्पादनतर्फ लागि परेका छन् । उत्पादित दूध, कुखुराको अण्डा, कुखुराजस्ता वस्तुहरुको उत्पादन बढेको छ । यहाँ उत्पादित दूध, अण्डा चितवन, पोखरासम्म पुग्ने गर्दछ । यसैगरी सडक विस्तारका कारण तरकारी, केरा खेतीबाट समेत कृषकहरुले राम्रो आम्दानी लिन सफल भएका छन् ।

पछिल्लो समयमा रामपुर फाँटमा घाँसखेतीको सुरु भएको छ । पशुका लागि नेपियर, स्टाइलो, जै वर्षिमजस्ता घाँसको व्यावसायिक उत्पादन भएको छ । करिडोर आसपासका क्षेत्रमा अहिले कृषि, पशुपालनलगायत फर्म खोल्ने संख्या पनि अधिक छ । करिडोर आएपछि माथिल्ला गाउँबस्तीका बासिन्दा पनि व्यापार व्यवसायका लागि करिडोर छेउमा झर्ने क्रम तीव्र छ । नझर्ने पनि केही उत्पादन गरेर बजार पठाउने र त्यही पैसाले अरू अत्यावश्यक सामान खरिद गर्ने गरिरहेका छन् । करिडोरका कारण दुई/चार केजी कृषिउपज उत्पादन भए पनि बजार लैजान र केही ल्याउन धेरै सहज भएको स्थानीय बताउँछन् ।

कालीगण्डकी करिडोरका कारण यस क्षेत्रको पर्यटन विकासमा समेत ठूलो टेवा पुगेको छ । करिडोरअन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, केलादीधाम, राम्दीघाट, रानीघाट, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदर कुण्डजस्ता महत्वपूर्ण तीर्थस्थल पर्छन् । कालीगण्डकीमा मात्र पाइने शालिग्राम दर्शनका लागि समेत दैनिक सयौँ धार्मिक पर्यटक आउने गरेका छन् । रामपुर नगर क्षेत्रका धार्मिक, पर्यटकीय, सांस्कृतिक महत्व बोकेका स्थानको अध्ययन अवलोकनको लागि आन्तरिक पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । यहाँ जल यात्रा गर्ने पर्यटकसमेत उल्लेखीय रुपमा आउने गरेका छन् ।

करिडोर आएपछि यस क्षेत्रका बासिन्दालाई यही माटोमा आयआर्जनमा जोडिने राम्रो अवसर प्राप्त भएको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा बताउँछन् । उनले करिडोरले समृद्धिका लागि ठूलो टेवा पुऱ्याएको बताए । "कालीगण्डकी करिडोर नआएको भए धेरै ठाउँहरु अहिलेसम्म पनि सडक सञ्जालले जोड्न मुस्किल हुन्थ्यो होला", थापाले भने-"करिडोर आएपछि एकाएक अवसर र सुविधाबाट वञ्चित बनेका गाउँठाउँ सुगम बनेका छन् ।" उनले रामपुरको विकासको आधार पनि करिडोर भएको बताए ।

कोरलाबाट दुई सय ५७ किमि पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि उत्तम छ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्नेछ । सडक सञ्जालले गर्दा स्वास्थ्य सेवामा पनि उल्लेखनीय सुधार आएको छ । गर्भवती महिला, दुर्घटनाका घाइते वा आकस्मिक बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सकिने भएको छ । विद्यालय र कलेज जाने विद्यार्थीको यात्रा छोटिएको छ भने सरकारी सेवा लिन सदरमुकाम धाउनुपर्ने समय पनि कम भएको छ । सडक किनारमा होटल, पसल, ग्यारेज र अन्य साना व्यवसाय खुल्न थालेका छन्, जसले रोजगारीका नयाँ अवसर समेत सिर्जना गरेको छ ।

कालीगण्डकी करिडोर एउटा सडक मात्र होइन, पहाडका बासिन्दाको जीवन, अर्थतन्त्र र सम्भावनालाई नयाँ दिशा दिने विकासको आधार बनेको छ । अझै पूर्वाधार सुदृढीकरण, नियमित मर्मत र सुरक्षित सञ्चालन सुनिश्चित गर्न सकिए यस करिडोरले दीर्घकालीन समृद्धिको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ ।

# विश्वकपको अन्तिम ८ समीकरण पूरा, बाहिरिए ४० टोली



बुटवल । टाइब्रेकरमा कोलम्बियालाई पराजित गर्दै स्विट्जरल्यान्डले ७२ वर्षपछि अन्तिम ८ मा स्थान बनाएपछि फिफा विश्वकप २०२६ को क्वार्टरफाइनल समीकरण पूरा भएको छ ।

अन्तिम १६ को खेलबाट साबिक विजेता अर्जेन्टिना र स्विट्जरल्यान्डले जित हात पारेसँगै विश्वकपको अन्तिम ८ समीकरण पूरा भएको हो ।

अन्तिम १६ मा अर्जेन्टिनाले इजिप्टमाथि ३-२ को पुनरागमन जित दर्ता गर्‍यो । अर्को खेलमा स्विट्जरल्यान्डले कोलम्बियालाई टाइब्रेकरमा ४-३ ले हरायो । क्वार्टरफाइनल समीकरण पूरा भएसँगै पहिलो पटक ४८ टोली सहभागी विश्वकपबाट ४० टोली बाहिरिए ।

विश्वकप तीन देशका १६ स्टेडियममा आयोजना भएको हो । तर अब क्वार्टरफाइनलका सबै खेलहरु भने अमेरिकामा हुनेछ । क्वार्टरफाइनलको पहिलो खेलमा अघिल्लो संस्करणको उपविजेता फ्रान्स र चौथो भएको मोरक्को खेल्नेछन् । यो खेल बोस्टनमा हुनेछ । त्यसैगरी लस एन्जलसमा हुने अर्को खेलमा स्पेन र बेल्जियम भिड्दा मायामीमा नर्वेले इंग्ल्यान्डको सामना गर्नेछ ।

कान्सास सिटीमा हुने क्वार्टरफाइनलको अन्तिम खेलमा साविक विजेता अर्जेन्टिना र स्विट्जरल्यान्ड खेल्नेछन् । स्विट्जरल्यान्ड सन् १९५४ पछि अर्थात् ७२ वर्षपछि विश्वकपको क्वार्टरफाइनलमा पुगेको हो ।

विश्वकपको क्वार्टरफाइनल समीकरण पूरा भएसँगै गोल्डेन बुटको दौड पनि थप रोमाञ्चक बन्दै गएको छ । विश्वकपको ५ खेलमा अर्जेन्टिनी कप्तान लियोनल मेस्सीले ८ गोल गरेका छन् । मेस्सी सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा छन् ।

मेस्सीलाई नर्वेका फरवार्ड एर्लिङ हालान्ड र फ्रान्सका कप्तान केलियन एमबाप्पेले पछ्याइरहेका छन् । हालान्ड र एमबाप्पेको नाममा समान सात गोल छ ।

तर असिस्टमा अघि रहँदै हालान्ड दोस्रो र एमबाप्पे तेस्रो स्थानमा छन् । गोल्डेन बुटको दौडमा इंग्ल्यान्डका कप्तान ह्यारी केन चौथो स्थानमा छन् । केनले ६ गोल गरेका छन् । सेनेगलका स्माइल सार, इंग्ल्यान्डका जुड बेलिङ्घम, मेक्सिकोका जुलियन क्विननिस, स्पेनका मिकेल ओयारजवाल, फ्रान्सका ओस्माने डेम्बेले र ब्राजिलका भिनिसियसले समान ४ गोल गरेका छन् ।

असिस्टमा फ्रान्सका माइकल ओलिस शीर्ष स्थानमा छन् । उनले ५ असिस्ट दिएका छन् । मोरक्कोका ब्राहिम डियाज र ब्राजिलका ब्रुनो गुइमारेसले समान ४ असिस्ट दिएका छन् ।

अहिलेसम्म १५ खेलाडीले दोहोरो पहेँलो कार्ड र १३ खेलाडीले रातो कार्ड पाएका छन् । रातो कार्ड पाएका अमेरिकाका फोलारिन बालोगनले पाएको रातो कार्ड फिफाले फिर्ता लिएपछि विवाद उत्पन्न भएको थियो ।

# तुइन खोलामा पहिरो रोकथाम सुरु



चितवन । तुइन खोलामा पहिरो रोकथाम कार्य सुरु गर्नका लागि सम्बन्धित निर्माण कम्पनीलाई डिभिजन सडक कार्यालय, चितवनले सम्झौताका लागि आह्वान भएको छ ।

आगामी १० महिनाभित्र काम सम्पन्न गर्ने गरी रु २२ करोड २१ लाखको लागतमा तुइन खोलामा पहिरो रोकथाम कार्य सुरु गर्न लागिएको हो । खोलामा गइरहने पहिरोका कारण यसअघि यात्रुले सास्ती बेहोर्नुपरेको थियो ।

पहिरोको उच्च जोखिममा रहेको नारायणगढ-मुग्लिन सडकखण्डमा गत वर्षको असोज ३ र ७ गते ठूलो पहिरो खस्दा १०४ घण्टा सडक अवरुद्ध भएको थियो ।

डिभिजन सडक कार्यालय, चितवनका प्राविधिक अर्जुन घिमिरेले सम्झौताअनुसार छनोट भएको कम्पनीले तुइन खोलामा आगामी दश महिनाभित्रनै पहिरो रोकथामको काम सक्नुपर्ने प्रावधान रहेको जानकारी दिए ।

घिमिरेले खोलाको नारायणगढतर्फको भित्तोमा रोकथाम गर्न लागिएको पर्खालको लम्बाइ १६५ मिटर र चौडाइ १०५ मिटर रहेको बताए ।

केही वर्ष अघि सडक विस्तारका क्रममा सडक खनिएको काटिएको भित्तामा गत वर्ष एकाएक पहिरो खसेपछि सो स्थान जोखिममा परेको थियो ।

सो सडकखण्डमा जुनसुकै बेला पहिरो खस्न सक्ने भएकाले पहिरो पन्छाउन मुग्लिन र सेती दोभानमा तयारी अवस्थामा उपकरण राखिएका छन् ।

**धरपकड...**

'विशेषगरी भन्सार बिन्दुमै एमआरपी किन लागू गर्न कठिन हुन्छ भन्ने विषयमा प्रश्न गर्नुभयो', अग्रवालले भने- 'हामीले एकै कन्टेनरमा धेरै प्रकारका वस्तु हुने, नेपाली बजारको परिमाण सानो हुने तथा धेरै अवस्थामा आयातकर्ताले उत्पादकबाट प्रत्यक्ष खरिद नगरी होलसेलमार्फत सामान ल्याउने भएकाले भन्सार विन्दुमै एमआरपी लागू गर्न व्यावहारिक रूपमा सम्भव नभएको स्पष्ट पारेका छौँ ।'

व्यवसायीहरूको कुरा सुनेपछि प्रधानमन्त्री शाहले यी विषयमा थप अध्ययन र छलफल गर्ने बताएको अग्रवालले जानकारी दिए । त्यति मात्रै होइन, प्रधामन्त्रीले सरकारको काम नीति नियम बनाउने र पूर्वाधार तयार गर्नेसम्म भएको र अर्थतन्त्रलाई हाँक्ने जिम्मेवारी निजी क्षेत्रकै भएको भन्दै उद्योगी व्यवसायीलाई उत्साहित बनाएर पठाएका छन् ।

श्रेष्ठ भन्छन्-'लामो समय संवाद नहुँदा उद्योग व्यवसायीमा एक खालको संशय थियो । प्रधानमन्त्रीसँग छलफल गरेपछि उत्साह थपिएको छ ।' नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले पनि प्रधानमन्त्रीसँग छलफलपछि उद्योगी व्यवसायीको खस्किएको मनोबल ५० प्रतिशत उकासिएको बताए । 'मैले त बैठकमै भनिएको छु आजको छलफलले उद्योगी व्यवसायीको मनोबल ५० प्रतिशत उकासिएको छ', मल्होत्राले भने-'निजी क्षेत्रप्रति प्रधानमन्त्री असाध्यै सकरात्मक रहेको पायौँ। अहिले भइरहेको समस्याहरू टिपोट गरेर जानकारी गराउन भन्नुभएको छ ।' प्रधानमन्त्रीले निजी क्षेत्रका तीनवटै प्रतिनिधिमुलक संस्थाका अध्यक्ष र प्रधानमन्त्रीको विज्ञ सल्लाहकार राखेर संवादको कमिटी बनाउने आश्वासन दिएको मल्होत्राले जानकारी दिए ।

उनले भने-'प्रधानमन्त्रीसँग भेट नहुँदा जेजस्तो अविश्वासको वातावरण बनेको थियो । अब त्यो सबै अविश्वास हटेको छ । निजी क्षेत्रले नै अर्थतन्त्रलाई अगाडि बढाउनु पर्छ, सरकार सहयोगी मात्रै हो भन्ने प्रधानमन्त्रीको धारणा पाएका छौं ।'


## डिस्चार्ज प्रमाणपत्र हराएको सूचना

मेरो निम्न व्यहोरा भएको भारतीय सेनाबाट सेवा छाडेपछि (Discharge) प्राप्त हुने प्रमाणपत्र यही मिति २०८३ असार १ गते सुनवलदेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा वा सम्बन्धित ठेगानामा सम्पर्क गरिदनु हुन अनुरोध गर्दछु ।

**नामः** कमल बहादुर पुन
**सर्टिफिकेट नम्बर :** **82665**
**ठेगानाः** सुनवल -५, वनकट्टि

## PUBLIC NOTICE

I, Mrs. TARA DEVI RANA, hereby declare through this public notice that the name and date of birth mentioned in my Nepal Citizenship Certificate and those recorded in my husband's Indian Army Pension Book refer to one and the same person, namely myself.

My Nepal Citizenship Certificate records my name as TARA DEVI RANA with the date of birth B.S. 2021/08/14.

However, in the Indian Army Pension Book of my husband, Ex-Subedar BHIM BAHADUR RANA, Pension Book No. JC 607371 H, my name is recorded as TARA DEVI and my date of birth is mentioned as 12-12-1964 (A.D.).

The difference in my name and date of birth occurred due to an inadvertent clerical error in the service records of the Indian Army (3/3 G.R.).

Therefore, I solemnly declare that "TARA DEVI RANA" (Date of Birth: B.S. 2021/08/14) as mentioned in my Nepal Citizenship Certificate and "TARA DEVI" (Date of Birth: 12-12-1964 A.D.) as mentioned in the Indian Army Pension Book are one and the same person.



This public notice is being published for the purpose of correction and verification of the relevant pension records and for all concerned authorities and the general public.

Declarant: Mrs. TARA DEVI RANA

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

र.जि.हु.द.नं.१३/०६३/०६४
२०८३ असार २५ गते, बिहीबार
Thursday July 09, 2026
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६
दैनिक लुम्बिनी



सप्तीरंगी इन्द्रेणी

मुस्ताङको घरपभ्मोङ गाउँपालिका–४ जोमसोमबाट बुधाबार देखिएको सप्तरङ्गी इन्द्रेणी। मङ्गलबार रातिदेखि परेको निरन्तरको आशिंक वर्षा भइरहँदा बादलको घुम्टोभित्र इन्द्रेणी छाएको हो। तस्विरः रासस

# लुम्बिनीलाई 'स्टे–डेस्टिनेसन' बनाऊ



भैरहवा । विश्व शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनी नेपालको सबैभन्दा परिचित अन्तर्राष्ट्रिय पर्यटनस्थल हो । विश्व सम्पदा सूचीमा सूचीकृत पवित्र भूमि हरेक वर्ष स्वदेशी तथा विदेशी गरी वार्षिक रूपमा करिब १५ लाखभन्दा बढी पर्यटक आउने गरेका छन् ।

ठूलो संख्यामा पर्यटक आउँदा पनि अधिकांशले लुम्बिनीमा एक रातसमेत बिताउँदैनन् । केही घण्टामात्र भ्रमण गरी फर्किने प्रवृत्तिले यहाँको पर्यटनबाट अर्थतन्त्रले अपेक्षित लाभ लिन सकेको छैन ।

विशेषगरी भारतबाट आउने धार्मिक पर्यटक बुद्ध जन्मस्थलको दर्शन गरेर केही घण्टामै स्वदेश फर्किन्छन् । नेपालका अन्य भागबाट आउने पर्यटकको अवस्था पनि उस्तै छ। उनीहरू मायादेवी मन्दिर र आसपासका केही क्षेत्र घुमेपछि अर्को गन्तव्यतर्फ लाग्छन् । यसले लुम्बिनीलाई केवल 'दर्शनस्थल'मा सीमित बनाएको छ । 'बसाइ र अनुभव गर्ने गन्तव्य'का रूपमा विकास गर्न अभ्रै चुनौती देखिएको छ ।

पर्यटनविद्हरूका अनुसार लुम्बिनीमा पर्यटकको बसाइ अवधि बढाउन सकिए यस क्षेत्रको होटल, रेष्टुरेण्ट, यातायात, हस्तकला, कृषि, सांस्कृतिक कार्यक्रम र स्थानीय रोजगारीमा ठूलो आर्थिक प्रभाव पर्न सक्छ । त्यसका लागि बुद्ध जन्मस्थलसँगै आसपासका धार्मिक, सांस्कृतिक, प्राकृतिक र ग्रामीण पर्यटन गन्तव्यलाई एउटै पर्यटन पथमा जोड्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

लुम्बिनी होटल सङ्घका अध्यक्ष लीलामणि शर्माका अनुसार लुम्बिनी नेपालको सबैभन्दा ठूलो अन्तरराष्ट्रिय पर्यटन ब्रान्ड हो । "हामीले बुटवल, भैरहवा वा अन्य सहरलाई अलग-अलग रूपमा होइन, 'लुम्बिनी'को ब्रान्डलाई केन्द्रमा राखेर पर्यटन प्रवर्द्धन गर्नुपर्छ ।"- उनले भने । उनका अनुसार अन्तरराष्ट्रिय बजारमा एउटै पहिचान बनाएर अघि बढ्न सके गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनदेखि पर्यटक आगमन बढाउनसमेत सहज हुनेछ ।

लुम्बिनी बौद्ध विश्वविद्यालय केन्द्रीय क्याम्पसका प्रमुख दयानिधि शर्माले लुम्बिनी धार्मिक तीर्थस्थलमात्र नभई विश्व बौद्ध दर्शन, शान्ति, अहिंसा र मानव सभ्यताको अध्ययन, अनुसन्धान केन्द्रका रूपमा विकास हुनुपर्ने बताए ।

उनका अनुसार शिक्षा, अनुसन्धान, ध्यान, संस्कृति र पर्यटनलाई एउटै अवधारणामा जोड्न सके लुम्बिनीको अन्तरराष्ट्रिय महत्व अझ उचाइमा पुग्नेछ ।

लुम्बिनी विकास कोषका सदस्यसचिव ज्ञानीन राईले लुम्बिनीलाई विश्वस्तरीय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र अन्तरराष्ट्रिय साझेदारबिच समन्वित प्रयास अपरिहार्य रहेको बताए । उनले पूर्वाधार विस्तारसँगै गुणस्तरीय पर्यटन सेवा, अन्तरराष्ट्रिय प्रचारप्रसार र नयाँ पर्यटन उत्पादन विकासमा जोड दिनुपर्ने धारणा राखे ।

पछिल्ला वर्षमा लुम्बिनी क्षेत्रमा चार र पाँचतारे होटल, रिसोर्ट तथा अन्य पर्यटकीय पूर्वाधारमा उल्लेख्य लगानी भएको छ। तर पर्यटकको बसाई अवधि छोटो भएकाले ती लगानीले अपेक्षित प्रतिफल पाउन सकेका छैनन् । पर्यटन व्यवसायी अहिलेको सबैभन्दा ठूलो आवश्यकता नयाँ होटल निर्माणभन्दा पनि पर्यटकलाई लुम्बिनीमा एक वा दुई रात बस्न प्रेरित गर्ने पर्यटन क्षेत्रको विकास गर्नु रहेको बताउँछन् ।

यसै उद्देश्यले निजी क्षेत्रले भारतका बनारस, बोधगया, दिल्ली र लखनउका ट्राभल एन्ड टुर अपरेटरसँग प्रत्यक्ष सहकार्य सुरु गरेको छ । लुम्बिनी-बनारस बीटुबी ट्राभल मार्ट तथा फ्याम ट्रिपमार्फत् धार्मिक र सांस्कृतिक पर्यटनको साझा बजार विस्तार गर्ने प्रयास गरिएको छ । व्यवसायीहरूका अनुसार यस्ता कार्यक्रमले अन्तरराष्ट्रिय बजारमा लुम्बिनीको पहुँच विस्तार गर्न सहयोग पुग्नेछ ।

पर्यटन क्षेत्रका जानकारहरु लुम्बिनीको विकास अब केवल बुद्ध जन्मस्थलको संरक्षणमा मात्र सीमित नराखी 'ग्रेटर लुम्बिनी' अवधारणाअनुसार तिलौराकोट, देवदह, रामग्राम, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, सांस्कृतिक गाउँ, ध्यान केन्द्र, ग्रामीण पर्यटन र स्थानीय उत्पादनलाई एउटै पर्यटन सञ्जालमा जोड्नुपर्ने सुझाव दिन्छन् ।

लुम्बिनीमा पर्यटक ल्याउनुमात्र सफलता होइन, उनीहरूलाई केही दिन बस्न बाध्य बनाउने वातावरण सृजना गर्नु नै अबको सबैभन्दा ठूलो चुनौती रहेको उनीहरुको भनाइ छ ।

विश्वले बुद्ध जन्मस्थललाई चिनेको हुँदा लुम्बिनीलाई अनुभव गर्ने गन्तव्यका रूपमा स्थापित गर्न सकेमा पर्यटनले दीर्घकालीन आर्थिक समृद्धिको आधार तयार गर्ने विश्वास गरिएको छ ।

# लुम्बिनी वास्तु सम्मेलन हुने




बुटवल । सनातन वास्तु परम्पराको संरक्षण, अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित लुम्बिनी वास्तु सम्मेलन हुने भएको छ । दक्षिण एसियाली ज्योतिष महासंघ, लुम्बिनी प्रदेश समितिले वास्तु परम्परा संरक्षण गर्न गत वर्ष जस्तै यहीँ असार २८ गते सम्मेलन आयोजना गरेको हो ।

समितिले बुधबार रुपन्देहीको तिलोत्तमा समितिका अध्यक्ष चुडामणि पाण्डेले सम्मेलनको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले उद्घाटन गर्ने जानकारी दिए । वास्तु केवल घर निर्माणको पद्धति मात्र नभई प्रकृति, ऊर्जा, संस्कृति र मानव जीवनबिच सन्तुलन कायम गर्ने प्राचीन ज्ञान प्रणालीका रूपमा स्थापित रहेको बताए । नेपालका मठ-मन्दिर, धार्मिक सम्पदा, पुराना दरबार तथा परम्परागत संरचनाहरूमा मौलिक वास्तु ज्ञानको गहिरो प्रभाव रहेको सबैले ज्ञान लिन आवश्यक रहेको पाण्डेले बताए ।

'सनातन वास्तु परम्पराको संरक्षण र प्रवर्द्धन' भन्ने मूल नारासहित आयोजना हुने सम्मेलनमा वास्तुसम्बन्धी कार्यपत्र प्रस्तुत गरिने, विशेषज्ञहरूबिच अन्तरक्रिया गराइने, वास्तु क्षेत्रका योगदानकर्तालाई सम्मान गरिने तथा 'लुम्बिनी घोषणा-पत्र' जारी गर्ने गरिने समितिका प्रवक्ता विवेक शर्माले जानकारी दिए ।

कार्यक्रममा दक्षिण एसियाली ज्योतिष महासंघका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नेतृत्व, वास्तुविद्, ज्योतिषाचार्य, इन्जिनियर, आर्किटेक्ट, निर्माण क्षेत्रका प्रतिनिधि, विभिन्न संघ-संस्थाका प्रतिनिधिसहित २५० भन्दा बढी सहभागी रहने प्रवक्ता शर्माको भनाइ छ । विश्वमै आध्यात्मिक पहिचान बोकेको लुम्बिनीबाट वास्तु, संस्कृति र सभ्यता संरक्षणको सन्देश प्रवाह गर्दै सनातन वास्तु परम्परालाई नयाँ पुस्तासम्म पुर्‍याउन आवश्यक रहेको पाण्डेको भनाइ छ। सम्मेलनमा आम सर्वसाधारण सहभागीले भएर आफूले चाहेको ज्ञान लिन सक्नेछन् ।

### शैक्षिक परामर्श संस्थामा कडाइ

# २५ लाख धरौटी र 'डिजिटल' कारोबार अनिवार्य

बुटवल । सरकारले शैक्षिक परामर्श संस्था, भाषा शिक्षण केन्द्र तथा तयारी कक्षाको सञ्चालनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गरेको छ ।

मन्त्रिपरिषद्बाट स्वीकृत नियमावलीले अनुमतिपत्र, आर्थिक कारोबार, विद्यार्थी सुरक्षा तथा सेवा गुणस्तरसँग सम्बन्धित नयाँ व्यवस्था लागू गरेको हो । शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थीको हित संरक्षण, सेवा प्रवाहमा पारदर्शिता कायम गर्ने तथा शैक्षिक परामर्श संस्थाको प्रभावकारी नियमन गर्ने उद्देश्यले उक्त नियमावली तयार गरेको जनाएको छ । नियमावलीअनुसार शैक्षिक परामर्श सेवा सञ्चालन गर्न रु २५ लाख धरौटी राख्नुपर्नेछ । साथै, अनुमतिपत्रका लागि रु ५० हजार दस्तुर तिर्नुपर्ने छ ।

अब मन्त्रालयबाट अनुमतिपत्र नलिई शैक्षिक परामर्श सेवा सञ्चालन गर्न पाइने छैन । भाषा शिक्षण केन्द्र र तयारी कक्षाको नियमन भने प्रदेश वा स्थानीय तहले गर्न सक्ने छन् । अनुमति पत्रको अवधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ। शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तालिम प्राप्त परामर्शदाता नियुक्त गर्नुपर्नेछ । साथै, संस्थाको आफ्नै भवन वा कम्तीमा तीन वर्षको भाडा सम्झौता भएको कार्यालय हुनुपर्ने व्यवस्था गरिएको छ । नियमावलीले विद्यार्थीसँग हुने आर्थिक कारोबार पूर्ण रूपमा डिजिटल माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ । सबै शुल्क बैंक वा अन्य डिजिटल माध्यमबाट मात्र लिन पाइनेछ भने नगद कारोबार गर्न पाइने छैन । संस्थाले शुल्कको बिल वा भरपाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ । साथै, सेवा शुल्कको विवरण आफ्नै वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ ।

विद्यार्थीको हित संरक्षणका लागि परामर्शदाता संस्थाको जिम्मेवारी पनि बढाइएको छ । परामर्श लिएका विद्यार्थी विदेशमा अलपत्र परेमा वा सम्बन्धित शिक्षण संस्था अवैध ठहरिएमा परामर्शदाता संस्थाले क्षतिपूर्ति दिनुपर्नेछ। विद्यार्थीले 'नो अब्जेक्सन लेटर' प्राप्त गरेपछि मात्र बैंकमार्फत् शैक्षिक शुल्क भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ । नियमावलीले शैक्षिक परामर्श संस्थामा स्वदेशी लगानी मात्र रहने व्यवस्था गरेको छ। विदेशी लगानी भएका संस्थाले एक वर्षभित्र स्वदेशी लगानीमा नामसारी गर्नुपर्नेछ। त्यसैगरी, विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई लक्षित गरी शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न रोक लगाइएको छ। अन्य शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न भने मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्नेछ । मन्त्रालयले सेवा गुणस्तर, कार्यसम्पादन र विद्यार्थीको सफलताका आधारमा शैक्षिक परामर्श संस्थालाई 'ए', 'बी' र 'सी' श्रेणीमा वर्गीकरण गर्न सक्नेछ । जोखिमयुक्त विदेशी विश्वविद्यालय पहिचान गरी त्यस्ता संस्थामा विद्यार्थी पठाउन रोक लगाउने अधिकार पनि मन्त्रालयलाई दिइएको छ ।

नियमावलीअनुसार अनुमति पत्र नवीकरण नगर्ने, विद्यार्थीमाथि आर्थिक शोषण वा ठगी गर्ने, भ्रामक सूचना प्रवाह गर्ने वा कर नतिर्ने संस्थाको अनुमतिपत्र रद्द गरी धरौटी जफत गर्न सकिने व्यवस्था छ ।

# विषादीको व्यवसाय जथाभावी गर्न नपाइने



दाङ । विषादी बिक्रीवितरण, भण्डारण वा जथाभावी व्यवसाय गर्न निषेध गरिएको छ ।

'प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको ऐन, २०८१' का अनुसार कुनै व्यक्ति वा संस्थाले विषादीको खुद्रा बिक्री, भण्डारण वा व्यावसायिक कारोबार गर्न सम्बन्धित विषय हेर्ने निकायसँग अनिवार्य इजाजत लिनुपर्ने व्यवस्था छ ।

इजाजतपत्रको अवधि तीन वर्ष र लिनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा कृषि र पशुपालनमा टिएसएलसी वा जेटिए उत्तीर्ण गरेको हुनुपर्नेछ ।

विषादी बिक्रेताले खाद्यपदार्थ र भेटेरिनरी औषधि भण्डारण वा बिक्री गर्ने ठाउँमा विषादी राख्न नपाउने ऐनमा उल्लेख छ । त्यस्तै गर्भवती, बालबालिका, मादक पदार्थ सेवन गरेका व्यक्ति वा मानसिक स्वास्थ्य ठीक नभएका व्यक्तिलाई विषादी बिक्री वा प्रयोगमा संलग्न गराउन पूर्ण प्रतिबन्ध लगाइएको छ ।

जैविकबाहेक अन्य रासायनिक विषादीको विज्ञापन सार्वजनिक सञ्चारमाध्यमबाट गर्न नपाइने, व्यावसायिक रूपमा विषादी छर्किएपछि उक्त स्थानमा सर्वसाधारणको जानकारीका लागि चेतावनीमूलक सङ्केत टाँस्नुपर्ने ऐनमा उल्लेख छ । ऐनले प्रदेशमा विषादीको प्रयोगलाई व्यवस्थित बनाउने लुम्बिनी प्रदेशसभा सदस्य यमबहादुर नेपालीले बताए ।

# यौनिक तथा अल्पसंख्यक समुदायको गुनासो



नेपालगञ्ज । महिला र पुरुष समलिङ्गीलगायतका यौनिक तथा अल्पसंख्यक समुदायको आफ्नो पहिचान खुले पनि संवैधानिक अधिकारबाट वञ्चित भएको गुनासो गरेका छन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकको महासङ्घले पश्चिम तारा नेपालको समन्वयमा बुधबार आयोजना गरेको यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, कानुनी अधिकार र सञ्चारकर्मीको भूमिका विषयक कार्यक्रमा उनीहरूले गएका निर्वाचनमा मताधिकार नपाउँदा भोगेको पीडा सुनाए ।

ती समुदायका व्यक्ति समाजमा महिला र पुरुषभन्दा फरक हुने गरेको उल्लेख गर्दै उनीहरूको सामाजिक तथा राजनीतिमा अर्थपूर्ण सहभागिता आवश्यक भएको उनीहरूले बताए ।

प्राइड परियोजनाकी अधिकृत मलिना न्यौपानेले महिला समलिङ्गी, पुरुष समलिङ्गीलगायतका यौनिक तथा अल्पसंख्यक समुदायको नागरिकतामा कानुनी चुनौती रहेको जानकारी दिँदै उनीहरूको मताधिकार प्रयोग गर्न निर्वाचन आयोगलाई समावेशी र सहभागितामूलक कानुन निर्माण गर्न आग्रह गरिन् ।

उनले यौनिक तथा अल्पसंख्यक समुदाय नेपालमा करिब दुई हजार ९२८ जनाको पहिचान भएको र २०० जनाले मात्रै लैङ्गिक पहिचान पाएको जानकारी दिइन् ।

पश्चिम तारा नेपालकी परिना चौधरीले समाजमा यस समुदायप्रतिको लाञ्छना र विभेद जारी रहेको उल्लेख गर्दै बाँकेमा करिब ८५० जना यौनिक तथा अल्पसंख्यक समुदाय रहेको बताइन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासङ्घकी सिमरन शेरचन 'सिहर'ले समाजमा बालक र बालिकाबाहेक पनि अन्तरलिङ्गी बच्चाको जन्म हुने जानकारी दिँदै उनले यस समुदायलाई समाजले अहिले पनि विभेद र लाञ्छनाको आक्षेप लगाइरहेको बताइन् ।

"मेरो पनि मन र भावना हुन्छ त्यसलाई समाजले पनि ग्रहण गरिदिनुपर्छ", उनले भनिन्-"नेपालको संविधानले सवैधानिक अधिकार दिए पनि नागरिकता, मताधिकार प्रयोगलगायतका विषयमा भएका अवरोध पनि हटाउनुपर्नेछ ।"

पश्चिम तारा नेपालकी माया मगरले आफ्नो समुदायको पहिचान खुले पनि नागरिकता प्राप्त गर्न पाँच वर्ष लागेको अनुभव भएको जनाइन् । सो अवसरमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका विषयमा समाचार सङ्कलन गर्दा मिडियाको भूमिका अझ बढी संवेदनशील र जिम्मेवार हुनुपर्नेमा जोड दिइएको थियो ।

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रूपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com